छिन्नमस्ता गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश नेपाल

पत्र संख्या :-०७९/०८०
चलानी नं :-८५८९

मिति :-२०८०।०३।२५

**विषय :- आ.व.२०८०।०८१ मा भत्ता प्राप्त गर्न सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री वडा कार्यालयहरु सबै,

छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग बाट प्राप्त पत्र संख्या २०७९।०८० च.नं. १६० मिति २०८०।०३।०३ अनुसार सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९।०६।१० मा भएको दोस्रो शंसोधन अनुसार नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०।०८१ देखि लागु हुने गरी श्रावण महिना देखि भदौ मसान्त सम्म तपसिल अनुसारको कागजात संलग्न राखी सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न/गराउन हुन व्यहोरा अनुरोध छ ।

तपसिल:

१.नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२.पास्पोट साईजको २ प्रतिफोटो ।

३.सामाजिक सुरक्षा भत्ता परिचयपत्र को प्रतिलिपी ।

४.बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिप र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

५.अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिका बाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी ।

६.असहाय एकल (६० वर्ष मुनी) महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस ।

७. ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस ।

नोट:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) को उपदफा (६) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखी भदौ मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा नविकरणका लागि निवेदन दिनु पर्ने छ सो तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन । साथै भत्ता प्राप्त गर्न पुः चाहियो भने नैंया निवेदन दिई भत्ता प्राप्त गर्न सकिने छ निवेदन दिएको अर्को महिना देखि भत्ता मात्र प्रदान गराइने छ ।

०८०।०३।२५
सुजित दास
सामाजिक सुरक्षा तथा पञ्जीकरण
शाखा प्रमुख

०८०।०३।२५
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं :-९८५२८२१५६७